नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

भोजपुर

पत्र संख्या : ०७८/७९ मिति : २०७८/१२/१३

चलानी नं :

विषय : सूचना पठाइएको ।

श्री नगरपालिका/गाउँपालिकाहरु सवै

भोजपुर ।

प्रस्तुत विषयमा यस कार्यलयबाट जारि भएको हातहतियार वुझाउने सम्बन्धी सूचना यसै साथ संलग्न छ, तँहा नगरपालिका तथा गाउँपालिकाहरुका साथै सवै वडा कार्यालयहरु मार्फत उक्त सूचना प्रचार प्रसार गरि हातहतियार वुझाउन अभिप्रेरित गराइ आवश्यक सहयोग गरि दिनु हुन अनुरोध छ ।

बासु प्रसाद कोइराला

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

भोजपुर

पत्र संख्या : ०७८/७९

चलानी नं :

मिति : २०७८/१२/१३



## इजाजत प्राप्त हातहतियार बुझाउने सम्बन्धी सूचना ।

आगामी २०७९ साल बैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचन लाई निष्पक्ष, शान्तिपूर्ण, मर्यादित एवं भयरहित वातावरण तयार गरि भरपर्दो र विश्वासनीय बनाउन यस जिल्ला भित्र रहेका ईजाजत प्राप्त हातहतियारहरु २०७८ साल चैत्र मसान्त सम्म आफ्नो पायक पर्ने नजिकैको प्रहरी इकाईमा बुझाउनु हुन सबैमा सूचित गरिन्छ । निर्धारित समय भित्र नबुझाइ अटेर गरि बसेको पाइएमा त्यस्ता व्यक्तिहरुको हातहतियार खोजतलास गरि कानून बमोजिमको कारवाही भै जाने व्यहोरा समेत सर्वसाधारण सवैलाई अनुरोध गरिन्छ ।

यसरी बुझाइएका इजाजत प्राप्त हतियारहरु निर्वाचन पश्चात पुनः सम्बन्धित धनीलाई फिर्ता गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

बासु प्रसाद कोइराला

प्रमुख जिल्ला अधिकारी